मध्यपश्चिम विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह : एम.एड./प्रथम सेमेस्टर | पूर्णाङ्क: ६०

समय: ३ घण्टा | उत्तीर्णाङ्क: ३०

विषय: आधुनिक नेपाली कथा (नेपा. शि. ५१६)

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

### समूह 'ख'

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।** ६×५= ३०

१. कथा वर्गीकरणका आधारहरू उल्लेख गर्दै रीति क्षेत्र अन्तर्गतका कथाहरूलाई चिनाउनुहोस् ।

२. आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका विशेषताहरूको चर्चा गर्नुहोस् ।

३. 'लोग्ने' कथाकी प्रमुख पात्र निर्मलाका चारित्रिक विशेषताहरूको समीक्षा गर्नुहोस् ।

**अथवा**

'श्वेतभैरवी' कथाका आधारमा फगुनीका चारित्रिक विशेषताहरुको निरुपण गर्नुहोस् ।

४. 'परालको आगो' कथामा प्रयुक्त परिवेशले कथालाई कसरी जीवन्तता प्रदान गरेको छ ? समीक्षा गर्नुहोस् ।

५. कथाकार इन्द्रबहादुर राईका कथात्मक प्रवृत्तिका आधारमा 'त्यसरी बाँचेको छ, त्यसरी नै' कथाको उद्देश्यमाथि प्रकाश पार्नुहोस् ।

६. आधुनिक नेपाली समाजका विकृति र विसङ्गतिलाई व्याङ्ग्य प्रहार गर्ने मध्यमका रूपमा 'तिम्री स्वास्नी र म' कथाको विषयवस्तु बनेको छ भन्ने तथ्यलाई पुष्टि गर्नुहोस् ।

**अथवा**

पुरुष प्रधान समाजको यथार्थतालाई 'उसको कथा' कथामा कसरी प्रस्तुत गरिएको छ ? चर्चा गर्नुहोस् ।

### समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।** २×१०= २०

७. अस्तित्ववादी र विसङ्गतिवादी जीवन दृष्टिका आधारमा 'सडक र प्रतिभा' कथा को मूलमर्म पत्ता लगाउनुहोस् ।

८. आधुनिक नेपाली कथामा कथाकार रमेश विकलको स्थान निरूपण गर्दै परिवेश विधानका आधारमा 'शव, सालिक र सहस्र बुद्ध' कथाको समीक्षा गर्नुहोस् ।

**अथवा**

सामाजिक कथाकारका रूपमा परशु प्रधानलाई चिनाउँदै 'डल्ले खोला' कथाले सामाजिक विकृतिलाई कसरी उदाङ्गो पारेको छ ? समीक्षा गर्नुहोस् ।

समाप्त